# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

पत्र सख्या : ०७७।७८
च न

१ प्रदेश नेपाल
मिति :२०७७/०४/१५

## प्राविधिक सहायक पदपुर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७७-०४-१५)**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७।०७८ च.नं. २३ को मिति २०७७।४।१२ को पत्रानुसार यस साकेला गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००१/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१) **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जितियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

**(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-**

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) **उमेरः-** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२) **दरखास्त दिने स्थानः** साकेला गाउँपालिकाको कार्यालय, मानेभन्ज्याङ, खोटाङ ।

३) **दरखास्त दिने अन्तिम मितिः-** प्रकाशित मिति देखी १५ दिन, कार्यालय समयसम्म ।

४) **आवेदनको दस्तुरः-** रु. ६००।-

५) **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।

६) **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजतको प्रतिलिपिहरु

- नागरिकता प्रमाणपत्र
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७) **सेवा सुविधाः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८) **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

९) साकेला गाउँपालिका स्थायी ठेगाना भएकालाई प्राथमिकता दिइनेछ ।

**नोटः** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.sakelamun.gov.np वा www.pmep.gov.np मा उपलब्ध छ ।

..........................
**रविलाल राई**
**(प्रमुख प्रशासकीय अधिकृत)**